# २०८१ कात्तिक ८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | बबई सिँचाइ आयोजनाको लागि बर्दिया जिल्ला, गुलरिया नगरपालिकामा करिब ६५ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०८१ कात्तिक २१ देखि २७ सम्म मेक्सिकोमा दुईपक्षीय र बहुपक्षीय बैठकहरूमा सहभागी हुन माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| ३ | गृह मन्त्रालय | पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका वडा नं ५ मा भएको विस्फोटमा परी मृत्यु भएका दिप्सन साँवा र प्रिन्सा साँवाको एकाघरको परिवारलाई प्रति परिवार बिलबमोजिम बढीमा पाँच लाखका दरले आर्थिक सहायता उपलव्ध गराउने। |
| ४ | परराष्ट्र मन्त्रालय | स्लोभानियासमेतका विभिन्न ११ स्थापनका अवैतनिक वाणिज्यदूत/महावाणिज्यदूतहरूको पदावधि एक अवधि (चार वर्ष) का लागि थप गर्ने। |
| ५ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८१ मङ्सिर २५ देखि २७ सम्म फिलिपिन्सको मनिलामा आयोजना हुने High Level 16th Regional Environmentally Sustainable Transport Forum in Asia विषयक कार्यक्रममा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८१ कात्तिक १३ देखि १५ सम्म कतारमा आयोजना हुने Family and Contemporary Megatrends विषयक सम्मेलनमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | ठुलो खोला जलविद्युत आयोजनाको २२० के.भि. प्रसारण लाइन आयोजना निर्माणको लागि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुल ६.०६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाण पुर्जा र भिसा स्टिकर छपाइ गर्न स्वीकृति दिने। |
| ९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को लागि अधिकृतस्तरका ३ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सीमा प्रशासन कार्यालय व्यास छाङरु दार्चुला, सीमा प्रशासन कार्यालय पशुपतिनगर इलाम र अध्यागमन कार्यालय पशुपतिनगर इलाम खारेज गर्ने। साथै, अध्यागमन कार्यालय कोरोला मुस्ताङ, अध्यागमन तथा सीमा प्रशासन कार्यालय टिंकर दार्चुला र अध्यागन तथा सीमा प्रशासन कार्यालय पशुपतिनगर इलामको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| ११ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल फार्मेसी परिषद्को सदस्य पदमा डा. सभ्यता गौतम, काठमाडौं र श्री विष्णुप्रसाद कंडेल, बागलुङलाई मनोनयन गर्ने। |
| १२ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा कायममुकायम प्रमुख सचिव श्री रघुराम विष्टलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा पदस्थापन गर्ने। | |